# उदयपुरगढी गाँउपालिका
## गाँउ कार्यपालिकाको कार्यालय, उदयपुर

# आ.व. २०७८/७९ को पहिलो चौमासिक समिक्षा

मितिः २०७८ मंसिर १ गते

स्थानः गाउँपालिकाको सभाहल

<u>प्रस्तुतकर्ता</u>
माधव सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

# गत आ.व.२०७८।७९ को बजेटको समग्र अवस्था

**सोच:**

विकासमा भौगोलिक सन्तुलन, समावेशीकरण, प्राकृतिक स्रोत र साधनको संरक्षण, सम्वर्द्धन र उपयोग गर्दै मर्यादित काम र अवसर श्रृजना गर्नु अबको विकासको कार्यसूचीमा शुसासन, विकास र समृद्धि हासिल गर्दै समग्र गाउँपालिकाको समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त स्वास्थय, शिक्षीत, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने गाउँपालिकाको रुपमा स्थापित गर्नु ।

## लक्ष्य :

क) गरिबी निवारण र आर्थिक सामाजिक समानता सहितको न्यायपूर्ण समाज निर्माण गर्ने ।

ख) गाँउपालिका भित्रका शैक्षिक पुर्वाधार संरचना निर्माण तथा शैक्षिक गुणस्तरमा सुधार ल्याउने ।

ग) कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भरता तथा आपूर्तिमा सहजता ल्याउने ।

घ) स्थानीय सरकारको शासन तथा सेवा प्रवाहलाई सुद्धिढीकरण गरी आधुनिक र गुणस्तरीय बनाउने ।

ङ) स्थानीय स्रोत, साधनको खोजी तथा दिगो उपयोग गर्ने ।

## उद्देश्य :

- विश्वव्यापी रुपमा फैलिरहेको कोभिड १९ को संक्रमणको रोकथाम तथा नियन्त्रण गर्नु,
- भौतिक पूर्वाधार तथा मानवीय संसाधनको विकास गर्दै स्रोत साधनको अधिकतम उपयोग गरी समृद्ध, समुन्नति, शान्तिपूर्ण गाउँपालिका स्थापना गर्नु,
- लक्षित समूह/वर्गहरुको विकासका लागि समावेशी, समानुपातिकताको आधारमा सशक्तिकरण गराउँदै लैजानु,
- शासकीय सुधार र सुशासन अभिवृद्धि गर्नु ।
- गुणस्तरीय पर्यटन सेवाको विकास र विस्तार गर्नु ।
- उज्यालो उदयपुरगढी नारालाई सार्थक बनाउनु ।
- जीवनउपयोगी तथा सीपयुक्त शिक्षाको प्रबन्ध मिलाउनु ।
- सर्वसुशलभ तथा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनु ।
- व्यवस्थित स्वास्थ्य प्रणाली तथा स्वास्थ्य संरचनाका लागि पुर्वाधार निर्माणमा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि गर्ने ।
- निर्माणाधीन तथा अधुरा आयोजनाहरुको निर्माण कार्य सम्पन्न गर्ने ।
- कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा युवाहरुको परिचालन गर्ने।

## अपेक्षित उपलब्धी :

क) स्थानीय सडक, भवन, विद्युत, सञ्चार, कृषि, शिक्षा लगायतका पूर्वाधारको दिगो विकास भएको हुनेछ ।

ख) गाउँपालिकाको विकासको लागि यस वर्षको बजेटले विकासको आधारशीलालाई थप मजवुत बनाउने छ र तीव्र आर्थिक, सामाजिक विकास भएको हुनेछ ।

ग) गाउँपालिका क्षेत्रको तत्कालिन आवश्यकता पूरा भएका हुनेछन् भने दीर्घकालिन योजनाहरु बनेका हुनेछन् ।

घ) स्थानीय साधन स्रोतहरुको खोजी भई दिगो उपयोग भएको हुनेछ ।

ङ) लक्षित वर्ग क्षेत्रका मानिसहरुको लागि सामाजिक सुरक्षाका कार्यक्रम सञ्चालन भएका हुनेछन् ।

च) पर्यटन क्षेत्रको विकास मार्फत आयस्तर वृद्धि भएको हुनेछ ।

छ) स्थानीय सरकारको सेवा प्रवाह शुसासनमैत्री भएको हुनेछ ।

ज) गाउँपालिकाको सवै वडाहरुमा नागरिकहरुले विद्युत सेवाको उपयोग गरेका हुनेछन ।

झ) कृषि उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धि तथा कृषि क्षेत्रमा युवाहरुको परिचालन भएको हुनेछ ।

# वार्षिक बजेट तथा कार्यक्रम तर्जूमाका प्रमुख नीति तथा आधारहरु :

क) नेपालको संविधान, ऐन, कानुन, स्थानीय सरकारका कानुनहरु रहेका,

ख) स्थानीय तथा केन्द्रीय सरकारले अवलम्वन गरेको आवधिक योजना रहेका,

ग) गाउँकार्यपालिकाले गठन गरेको बजेट तथा कार्यक्रम तर्जुमा समितिले वडास्तरबाट आएका मागसाथै गाउँपालिका क्षेत्रमा आवश्यक योजना तथा कार्यक्रमहरु,

घ) गाउँ कार्यपालिकाबाट स्वीकृत गरी गाउँसभा वैठकमा पेश गरिएको ।

ङ) जनताको प्रत्यक्ष सहभागिता तथा विषयगत समितिमा व्यापक सहभागिता, छलफल र सहमतिमा यो वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरिएको ।


च) जनताका माग तथा आवश्यकता सम्बोधन गरिएको ।

छ) राजनीतिक दलका घोषणापत्र, प्रतिवद्धता रहेको ।

ज) अन्तर स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँगका प्रतिवद्धता रहेको आदि ।

# आ.व. २०७८।०७९को बजेटको समग्र क्षेत्रगत अवस्था

| आय तर्फ | रु. हजारमा | प्रतिशतमा |
|---|---|---|
| आर्थिक विकास तर्फ | ५९६१३ | ८.२५ |
| सामाजिक विकास तर्फ | २८१०६९ | ३८.९२ |
| पूर्वाधार विकास तर्फ | १४३०६३ | १९.८१ |
| कार्य सञ्चालन तथा प्रशासनिक तर्फ | १३४०८६ | १८.५७ |
| सुशासन संस्थागत विकास तर्फ | २३२१६ | ३.२१ |
| जि.स.स.वाट प्राप्त | ० | ० |
| **जम्मा आय तर्फ रु.** | ६४१०४७ | **१२.६३** |
| सामाजिक सुरक्षा कार्यक्रममा खर्च हुने | ८१००० | ११.२१ |


Sales
आर्थिक विकास तर्फ
सामाजिक विकास तर्फ
पूर्वाधार विकास तर्फ
कार्य सञ्चालन तथा प्रशासनिक तर्फ
सुशासन तथा संस्थागत विकास तर्फ
सामाजिक सुरक्षा कार्यक्रममा खर्च हुने
जि.स.स. बाट प्राप्त
0
8.25
38.92
19.81
18.57
3.21
11.21

# आ.व.२०७८।७९ को बजेटको समग्र खर्च अबस्था
## (संघीय शसर्त र समानिकरण तर्फको खर्च)

| शसर्त बजेट व्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ४७९४६ | ४१९ | ०.८७ |
| सामाजिक विकास | २६९३६९ | ४२७५६ | १५.८७ |
| पूर्वाधार विकास | ७११९९ | ९६४ | १.३६ |
| सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र | २२०१६ | ३५२२ | १६ |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | ११२५० | २८५८ | २५.४ |
| जम्मा ब्यय तर्फ रु. | ४२१७८० | ५०५२१ | ११.९७ |

# आ.व. २०७८।७९ को वजेटको समग्र खर्च अवस्था
# (प्रदेश शर्सत, समानिकरण, समपुरक तर्फको खर्च)

| शसर्त वजेट व्यय तर्फ | बजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ३५६७ | ० | ० |
| सामाजिक विकास | ६८०० | ० | ० |
| पूर्वाधार विकास | ११८५८ | ० | ० |
| शुसासन तथा अन्तर सम्बन्धित क्षेत्र | ७०० | ० | ० |
| **जम्मा व्यय तर्फ रु.** | २२९२५ | ० | ० |

# आ.व. २०७८।७९ को वजेटको समग्र खर्च अवस्था
# (अल्या र आन्तरीक श्रोत तर्फको खर्च)

| शसर्त वजेट ब्यय तर्फ | वजेट रु. हजारमा | खर्च रु. हजारमा | प्रतिशतमा |
|---|---|---|---|
| आर्थिक विकास | ८१०० | ० | ० |
| सामाजिक विकास | २४०० | ० | ० |
| पुर्वाधार विकास | ५७९०६ | ११६६६ | २०.१४ |
| सुशासन तथा अन्तरसम्बन्धित | ५०० | ० | ० |
| कार्यालय सञ्चालन तथा प्रशासनिक | २४८२० | १६४३ | ६.६२ |
| **जम्मा ब्यय तर्फ रु.** | ९३७२६ | १३३०९ | १३.३८ |

# विषयगत क्षेत्र चौमासिक समिक्षा

## क) आर्थिक क्षेत्र :

### कृषि

- कृषि तथा पशुपंक्षी विकास शाखा अन्तर्गत प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत उदयपुरगढी गा.पा.का विभिन्न वडामा पकेट विकास कार्यक्रममा सहभागी हुने बारे र समुह गठन गर्ने कार्य २०७८।०५।२४ मा सम्पन्न गरियो ।
- साथै यस कृषि तथा पशुपंक्षी विकाश शाखा अन्तर्गत अनुदानमा पशुपंक्षी विकास कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गरी समुह गठन गर्ने कार्य २०७८।०५।०३ मा सम्पन्न गरियो ।
- कृषि तथा पशुपंक्षी विकास शाखा अन्तर्गत विभिन्न पकेट कार्यक्रम र अनुदान कार्यक्रम गरी त्यस कार्यक्रमका तस्वीर यसै साथ संलग्न राखि कार्यक्रमको विस्तृत विवरण तलको स्लाइडमा राखिएको ।

# विषयगत क्षेत्र चौमासिक समिक्षा

## क) आर्थिक क्षेत्र :

### कृषि

उदयपुरगढी गाउँपालीका
**गाँउ कार्यपालीकाको कार्यालय**
**पशुपन्छी विकास शाखा,उदयपुरगढी**
अनुदानमा पशुपन्छी विकास कार्यक्रम सञ्चालनका लागि आवेदन पेश गर्ने बारेको सुचना
**प्रथम पटक प्रकाशीत मिति २०७८।५।३**

यस उदयपुरगढी गाँउपालीकाको आ.व.२०७८।७९ मा सन्चालन गरिने तपसिल बमोजीमका कार्यक्रमहरु सन्चालनमा देहाय बमोजीमको अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा तपसिलको तालीकामा समाबेश कार्यक्रमहरु मध्ये कुनै एक वा एक भन्दा वढी कार्यक्रम सञ्चालन गर्ने ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारीले यो सुचना प्रकाशीत भएको मितिले ३० दिन भित्र देहाय अनुसारको कागजातहरु सहितको निबेदन यस गाँउपालीकाको कार्यालय पशुपन्छी विकास शाखामा पेश गर्नुहुन यो सुचना प्रकाशन गरीएको छ ।

| क. सं | माग गर्न सकिने कार्यक्रम | साझेदार र उपलब्ध गराईने अनुदान रकम | आबेदन पेश गर्न सक्ने संस्था |
|---|---|---|---|
| १ | बिउ रागो बिउ साडे बितरण कार्यक्रम ढुवानि अनुदान कृषकले समुहले ब्यहोर्ने | कम्तीमा २५ प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ५० हजार प्रति बिउ राँगो र साँढे कृषक उद्यमी | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी ,युवा उद्यमी, ब्यवसायीक कृषक । |
| २ | पशु फर्मलाई सत प्रतिशत बोयर बोका अनुदानमा वितरण | वडा कार्यालयको साझेदारी कार्यक्रम सहित कम्तीमा २५ प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २ लाख प्रति सत प्रतिशत वोयर बोका | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी ,युवा उद्यमी, ब्यवसायीक कृषक । |
| ३ | माछा पालनका लागि पोखरी निर्माणमा अनुदान सहयोग कार्यक्रम | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ४ लाख गा.पा. भरि | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, ब्यवसायी उद्यमी |
| [illegible] | सामूहीक बंगुर बाख्रा पालन कार्यक्रम ( समुहहरूलाई मात्र) | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा १० लाख | ईच्छुक कृषक समुह, कृषि सहकारी, |
| ५ | फर्मका कृषकहरूलाई दुग्ध क्यान वितरण (८० प्रतिशत अनुदानमा) | कम्तीमा २० प्रतिशत खर्च साझेदार अनुदानग्राही कृषकहरुले ब्यहोर्नुपर्ने संख्या २० को अनुदान रकम बढिमा ५० हजार | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, ब्यवसायी उद्यमी |
| ६ | वोयर बोका वितरण खरिद अनुदान | कम्तीमा २५ प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा २ लाख प्रति सत प्रतिशत वोयर बोका/ खोर निर्माण | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, ब्यवसायी उद्यमी, बाख्रा श्रोत केन्द्र |
| | ५ वटा भन्दा बढि भैसी पालन गर्ने कृषकको लागि म्याट सहयोग कार्यक्रम | निशुल्क | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी, ब्यवसायी उद्यमी |
| ७ | सामूहीक नमुना बाख्रा पालन खोर निर्माण सुधार बाख्रा प्रवढन कार्यक्रम अनुदान ५० पचास प्रतिसत लागत साझेदारि | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा १ लाख | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| ८ | सामूहीक नमुना बंगुर साना खोर पालन खोर निर्माण सुधार प्रवढन कार्यक्रम ५० पचास प्रतिसत लागत साझेदारि | कम्तीमा ५० प्रतिशत खर्च साझेदार अनुदानग्राहीले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा १ लाख | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |
| ९ | च्यापकटर खरिद ढुवानि वितरण २० प्रतिसत कृषकले ब्यहोर्नु पर्ने ८०प्र.अनुदान | कम्तीमा २० प्रतिशत खर्च साझेदार अनुदानग्राही कृषकले ब्यहोर्नुपर्ने/अनुदान रकम बढिमा ३ लाख सम्म | ईच्छुक कृषि फर्म, कृषक समुह, कृषि सहकारी |

**आवश्यक कागजातहरु :**

१. कार्यविधि अनुसार कार्यक्रम सन्चालन प्रस्तावना १ प्रति
२. कृषि फर्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
३. कृषक समुह र कृषि सहकारी संस्थाको हकमा दर्ता प्रमाणपत्र, PAN/VAT दर्ता प्रमाण पत्र, संस्था संचालक समितिको बैठक निर्णयको प्रतिलिपि
४. सम्बन्धीत वडा कार्यालयको कार्यक्रम सन्चालनमा दोहोरो सहयोग नभएको वा नहुने र कार्यक्रम दिन उपयुक्त हुने ब्यहोरा लेखीएको सिफारीस पत्र/आबश्यक पर्ने भएमा
५. सम्बन्धीत कृषक समुहमा आबद्ध भएको समुहको सिफारीस पत्र
६. जग्गा धनी प्रमाणपूर्जाको प्रतिलिपि वा कम्तीमा १० वर्षका लागि लिजमा लिएको खुल्ने सक्कल कागजात सहित सम्बन्धीत वडा कार्यालयको सिफारीस पत्र
७. कोभीड १९ का कारणले रोजगारी गुमाई विदेशबाट नेपाल फर्कि आउने युवाहरुको हकमा सम्बन्धीत वडा कार्यालयको देश सहित खुलेको सिफारीस पत्र

**द्रष्टव्य : निबेदन र प्रस्ताव यस गाँउपालीका पशु विकास शाखाले तयार गरेको निर्दिष्ठ ढाँचामा पेश गर्नुपर्नेछ । निबेदन र कार्यक्रम माथि सम्बन्धी प्रस्तावको ढाँचा यस गाँउपालीकाको पशु विकास शाखा वा सम्बन्धीत वडा कार्यालयहरुबाट लिन सकिनेछ ।**

थप जानकारीका लागि सम्पर्क :
उदयपुरगढी गाँउपालीकाको कार्यालय
पशुपन्छी विकास शाखा, उदयपुरगढी, उदयपुर
सम्पर्क नं. ९८६१८०७४४०, ९८५२८३५२७८

# विषयगत क्षेत्र चौमासिक समिक्षा

## क) आर्थिक क्षेत्र

### कृषि

उदयपुरगढी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कृषि विकास शाखा
उदयपुरगढी, उदयपुर

पकेट विकास कार्यक्रममा सहभागी हुने बारेको सुचना

**सुचना नं ५/०७८/७९**

**प्रथम पटक प्रकासीत मिति २०७८/०५/२४**

आ.व. २०७८/७९ मा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तर्गत उदयपुरगढी गा.पा.का तपसिलका क्षेत्रहरुमा निम्न पकेट विकासका कार्यक्रमहरु सन्चालन गर्नुपर्ने भएकोले ईच्छुक कृषि समुह/सहकारी/जल उपभोक्ता समिति/कृषि फर्महरुले आवश्यक कागजात सहित यो सूचना प्रकासीत भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०७८/६/७ गते भित्र यस उदयपुरगढी गाँउपालीकाको कृषि तथा पशुपन्छी विकास शाखामा तोकीएको ढाँचा (अनुसुचि १०) अनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धीत सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि कृषि तथा पशुपन्छी विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

तपसिल :

क) पकेट कार्य क्षेत्र : उदयपुरगढी गाँउपालीका भरि

तालीका नं. १ (पकेट कार्यक्रम सन्चालनका आधारहरु)

| क.सं | सन्चालन हुने पकेट कार्यक्रम | संख्या | पकेट क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | आ.व. २०७७/७८ मा स्थापना भएको कृषि तर्फका साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता | १ | | |
| २ | आ.व. २०७७/७८ मा स्थापना भएको बाख्रा साना व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमको निरन्तरता | १ | | |
| ३ | आलु बालीको साना व्यवसायीक व्यवसायीक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सन्चालन | १ | कम्तीमा ७ हेक्टर (१०.५ बिगाहा) | |

**निवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु**

१. सम्बन्धीत निकायमा कृषि समुह/सहकारी/संस्था/समिति/फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि
२. सम्बन्धीत वडा कार्यालयको सिफारीस पत्र
३. निवेदकको नागरीकताको प्रतिलिपि र कार्यक्रम सन्चालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि
४. कार्यक्रम सन्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भए कम्तीमा ५ (पाँच) बर्षको सम्झौता
५. कार्य समितिको निर्णयको प्रतिलिपि
६. रु. १० को हुलाक टिकट टाँस गरि तोकीएको ढाँचा बमोजीमको आवेदन
७. कार्यक्रम सन्चालनका लागि तोकिएको ढाँचा बमोजीमको प्रस्तावित कार्ययोजना
८. संस्थाको प्यान वा भ्याट प्रमाणपत्रको प्रतिलिपि
९. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन विवरण
१०. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि
११. लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र
१२. कार्यविधिमा उल्लेख भए बमोजीमका आवश्यक कागजातहरु

माधव सुवेदी
प्रमुख प्रशासकिय अधिकृत

# विषयगत क्षेत्र चौमासिक समिक्षा

## क) आर्थिक क्षेत्र :

- कृषि तथा पशुपन्छी विकास शाखा अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरुको तस्वीर ।






# विषयगत क्षेत्र चौमासिक समिक्षा

## क) आर्थिक क्षेत्र :

- कृषि तथा पशुपन्छी विकास शाखा अन्तर्गतका भए गरिएका सम्पन्न कार्यहरुको तस्वीर ।








# ख) सामाजिक क्षेत्र (स्वास्थ्य तर्फ)

स्वास्थ्य शाखा अन्तर्गत २०७८ कात्तिक ७ र ८ गते बालबालिकाहरुलाई भिटामिन ए र जुकाको औषधी खुवाउने कार्यक्रम सम्पन्न गरियो । मिति २०७८ मंसिर १७ गते प्रथम चौमासिक क्षयरोग विरामीहरुको कोहर्ट कार्यक्रम सम्पन्न गरियो । मिति २०७८ मंसिर १९ गते १८ औं महिला स्वास्थय स्वयम् सेविका दिवस सम्पन्न गरियो । २०७८ मंसिर १८ र १९ गते लामो अवधिको परिवार नियोजनका साधानहरुको बारेमा स्याटेलाईट क्लिनिक कार्यक्रम सञ्चालन गरी सम्पन्न गरियो । पालिका स्तरीय स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा गोष्ठी सम्पन्न गरियो । साथै विभिन्न अन्य प्रक्रियागत कार्यहरु सम्पन्न गरिएको छ ।

**स्वास्थ्य शाखा अन्तर्गत भएका विभिन्न कार्यक्रमहरुका तस्बीरहरु :**





# ख) सामाजिक क्षेत्र (स्वास्थ्य तर्फ)

## स्वास्थ्य शाखा अन्तर्गत भएका विभिन्न कार्यक्रमहरुका तस्बीरहरु :












# ख) सामाजिक क्षेत्र (शिक्षा तर्फ)

## शिक्षा युवा तथा खेलकुद शाखा अर्न्तगत भए गरेको कार्यहरु:

१. आ.व. २०७७।०७८ को वित्तीय प्रतिवेदन शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा संम्प्रेषण गरिएको ।

२. शिक्षक तथा कर्मचारीको तलव भत्ता नियमित रुपमा निकासा गरिएको ।

३. नियमित रुपमा प्र.अ. बैठक बसिएको ।

४. अघिल्लो आ.व.को विद्यालयको बेरुजु फर्छ्यौटका आवश्यक कागजातहरु संकलन तथा व्यवस्थापन गर्ने कार्य गरिएको ।

५. विद्यालय सुधार योजना, सामाजिक लेखा परिक्षण तथा विद्यालयको लेखा परिक्षण प्रतिवेदन तयार तथा व्यवस्थापन गरिएको ।

६. गाउँपालिकाबाट प्रदान गरिने छात्रवृत्तिको, दरखास्त सूचना र संकलन गर्ने कार्य सम्पन्न गरिएको ।

## ग) पुर्बाधार क्षेत्र तर्फ

आ.व. २०७८।७९ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम पुर्वाधार मध्ये पुरानो गढी पुर्ननिर्माणको कार्य ठेक्का लागेर सेफ्टी ट्याङ्की, सोक पिट लगायत ट्वाइलेट निर्माण भएको साथै अन्य कार्य पनि निर्माणको चरणमा रहेको । वडा नं. ४, ५ र ७ को वडा कार्यालय भवनको ठेक्का सम्झौता भई कार्य सञ्चालनको रुपमा रहेको । उ.गा.पा. वडा नं. ५ मौवासीमा बाटो ठेक्का लागि निर्माणको चरणमा रहेको । वडा सरसफाई सम्बन्धी ८ वटा बाटो प्याकेज ठेक्का मूल्यांकनको रुपमा रहेको । मिति २०७८।०६।०४ मा ढुंगा ,गिट्टी, बालुवाको स्थानीय तह निकासी शुल्क संकलन ठेका बन्दोबस्ती सम्बन्धि १५ दिने E bidding दरभाउपत्र आव्हानको कार्य भएको । साथै कर्मचारी आवास गृहको दोश्रो तल्ला निर्माण कार्य हुन गइरहेको । मिति ०७८।०६।०४ गते तारजाली खरिद प्रक्रिया सम्झौता भएको लगायत विभिन्न निर्माण कार्यहरु हुन गइरहेको र हुने चरणमा रहेको छ । मिति २०७८।०५।२५ मा वडा नं. ७ मा अर्जुनधारा पार्क निर्माण भएको हो जसको लागत ३ लाख रहेको ।

# ग) पुर्बाधार क्षेत्र तर्फ



पुरानोगढी पुर्ननिर्माण कार्य



## ग) पुर्बाधार क्षेत्र तर्फ





अर्जुनधारा पार्कका केही तस्बीरहरु

# उदयपुरगढी गाउँपालिकाको आ. व. २०७८/०७९ का लागि स्वीकृत कार्यक्रमबाट निर्माण कार्यहरू गर्नको लागि बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी ।

## उदयपुरगढी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

उदयपुरगढी, उदयपुर
१ नं. प्रदेश, नेपाल

### बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

**पत्रिकामा सूचना प्रकाशित मिति:-२०७८-०८-१९**

१. उदयपुरगढी गाउँपालिकाको आ.व. ०७८/७९ का लागि स्वीकृत कार्यक्रमबाट तपशिल बमोजिमका निर्माण कार्यहरु गर्नुपर्ने भएकोले इजाजत प्राप्त फर्म/कम्पनीहरुलाई उल्लेखित शर्तहरुको अधिनमा रहि रीतपूर्वक विधुतीय खरिद प्रक्रिया (E-bid) मार्फत सहभागी हुन जानकारीको लागि यो बोलपत्र तथा शिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| क्र.सं. | ठेक्का नं. र प्रकार | कामको विवरण | लागत अनुमान रकम (VAT र PS बाहेक) रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद रकम रु. | बोलपत्र बुझाउने अन्तिम मिति | बोलपत्र खुल्ने मिति | रकम जम्मा सम्बन्धि विवरण |
|---|---|---|---|---|---|---|---|---|
| १ | URM/NCB/Works/06-2078/79 | Road excavation and maintenance works in ward-03 (sinkaule, tamadada, sano dhungreraitima, thulodhungre, barabise, chhindrtingkhola) | २२,६३,०६३.७७ | ७०,०००.०० | ३,०००.०० | २०७८-०९-२० समय:-१२:०० बजे | २०७८-०९-२० समय:-१३:०० बजे | **कार्यालयको नाम:-** उदयपुरगढी गाउँपालिका, उदयपुरगढी -०५, उदयपुर **बैंकको नाम:-** राष्ट्रिय वाणिज्य बैंक, गाईघाट शाखा **राजस्व खाता नं.:-** २०९०१००३०१०१०००५ **धरौटी खाता नं.:-** २०९०१००३०३०००००५ **कार्यालय कोड नं.:-** ८०१०१११०५ |
| | Sealed Quotation | | | | | | | |
| २ | URM/NCB/Works/07-2078/79 | Road excavation and maintenance works in ward-02 (titribot, damaitoltiklechaur, aalekitta, aahaldada-votetar) | | ४५,०००.०० | १,०००.०० | २०७८-०९-०५ समय:-१२:०० बजे | २०७८-०९-०५ समय:-१३:०० बजे | |
| ३ | URM/NCB/Works/08-2078/79 | Road excavation and maintenance works in ward-04, 06, 08 | | ४५,०००.०० | १,०००.०० | | | |
| ४ | URM/NCB/Works/09-2078/79 | Maintenance and upgrading works of Chhapakhola Thaliya, Thapa Ghale, Kamala Punak & Mauwasi Road in ward no.05 | | ४५,०००.०० | १,०००.०० | | | |
| ५ | URM/NCB/Works/10-2078/79 | Maintenance and upgrading works of Murmebhanjyang-Barpipalchautara-Beldada, Katike Dhamile Road in ward No.01 | | २०,०००.०० | १,०००.०० | | | |
| ६ | URM/NCB/Works/11-2078/79 | Road maintenance and upgrading works in ward no.: -04 | | ३५,०००.०० | १,०००.०० | | | |
| ७ | URM/NCB/Works/12-2078/79 | Maintenance and upgrading works of Road in ward no.4 & 7 | | ३५,०००.०० | १,०००.०० | | | |
| ८ | URM/NCB/Works/13-2078/79 | Maintenance and upgrading Works of Adheri- Putalikhola , Balanbhanjyang-Putalikhola , Kakani- Biralitar-Hadebas in Ward no.7 | | ४०,०००.०० | १,०००.०० | | | |

## घ) वन, बाताबरण तथा विपद् व्यवस्थापन

आ.व. २०७८।७९ को गाउँसभाबाट स्विकृत कार्यक्रम बमोजिम वन तथा वातावरण तर्फ उदयपुरगढी गाउँपालिका वडा नं. ५ बस्ने गौर बहादुर तामाङको घर सोलार तार सट भई अचानक आगलागी भएको र वडा नं. ६ बस्ने दहलमान दमाईको घर मिति ०७८।०७।२० गतेको दिन आगलागी भई पूर्ण रुपमा छिति भएको हुँदा विपद् व्यवस्था ऐन २०७४ बमोजिम राहत उपलब्ध गराइएको । मिति ०७८।४।६ गते उ.गा.पा. वडा नं. ४ बस्ने डिगराज राईको अविरल वर्षाको कारण शौचालय, ४ वटा खसीबाख्रा मरेको र २ वण्डला जस्तापाता बगाएको कारण राहत उपलब्ध गराइएको । ०७८।०७।२० गते वडा नं. ६ रुम्जाटार बस्ने दहलमान दमाइको घर आगलागी हुँदा घर जलेको र ५ लाख बराबारको मालसामान नष्ट भएको हुँदा राहत उपलब्ध गराइएको । उ.गा.पा. वडा नं. ५ टाँडे बस्ने दिल बहादुर तामाङ्गको खोले पकाउने आगोबाट ०७८।०७।२५ आगलागी भई गते वस्तु बाँध्ने घर क्षति भएको । उ.गा.पा. वडा नं. ६ बस्ने शंकर कोइरालाको ०७८श्र०४।०८ गते आएको अविरल वर्षाका कारण घर तथा खेत कटान गरेकोले निजलाई राहत उपलब्ध गराईको ।

# घ) वन, वातावरण तथा विपद् व्यवस्थापन, आगलागी र क्षति भएका तस्बिरहरु





## ङ) सुशासन तथा संस्थागत विकास

यस गाउँपालिकामा सेवा प्रवाहका विषयमा प्रविधि मैत्री बनाउन आधारभूत संरचनाहरु तयार गरिदै लगिएको छ । गाउँपालिकाको न्यायीक समिति, पूर्वाधारका कार्यक्रमहरुको योजनाहरु व्यवस्थित गर्न सफ्टवेयर मार्फत सबै वडाका योजनाहरु ईन्ट्री गरी सकिएको । खोलानालाबाट नदी जन्य पदार्थहरु निकाशीका लागी प्रारम्भिक वातावरणीय परिक्षण कार्य सम्पन्न भई मदन भण्डारी राजमार्गलाई नदिजन्य पदार्थ विक्री गरिएको अवस्था रहेको छ । तथा  गाउँपालिकाको वास्तविक तथ्याङ्कमा आधारित भएर डिजीटल भिलेज प्रोफायल बनाउने काम सम्पन्न गरीएको छ ।

सुझाव एवं जिज्ञासाको लागि... उदयपुरगढी गाँउपालिका कार्यालयको आधिकारिक इमेल udayapurgadhirm@gmail.com मा या कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ।

# धन्यवाद